# नेपाल राष्ट्र बैंक
## विज्ञप्ति

१. २०७२ साल वैशाख १२ गते नेपालमा आएको भूकम्पबाट पीडित दाजुभाइ तथा दिदीबहिनीहरुको उद्धार तथा राहतका लागि विभिन्न संघसंस्था तथा महानुभावहरूले बैंकमा खाता खोली सहयोग रकम संकलन गर्ने कार्य गरिरहनु भएकोमा नेपाल राष्ट्र बैंक सम्बन्धित सबैमा धन्यवाद दिन चाहन्छ । यसरी खोलिएको खातामा संकलन भएको रकम इयरमार्क गरी प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको खातामा रकमान्तर गर्ने व्यवस्था मिलाइएको व्यहोरा यहाँहरुमा विदितै छ ।

२. वैशाख १२ गतेको भूकम्प पछि देशका विभिन्न भागमा ठूलो मात्रामा जनधनको क्षति भएको र हाल ठूलो परिमाणको उद्धार तथा राहतको आवश्यकता रहेकोले सो उद्देश्यले सङ्कलित सहयोग रकम उपयोग गरी समन्वयात्मक ढङ्गबाट चाहिने स्थानमा उद्धार तथा राहत पुऱ्याउने, वास्तविक पीडितहरुमा समानुपातिक रूपमा वितरण गर्ने, दोहोरोपन हटाउने साथै प्राप्त हुने सहयोग रकम र उपयोगको पूर्ण पारिदर्शिता कायम गर्ने उद्देश्यले नेपाल सरकारको अनुरोधमा भूकम्प पीडितहरुको उद्धार तथा राहतको निमित्त वैशाख १२ गते पश्चात् खोलिएका बैंक खाताहरुमा सार्वजनिक रूपमा आह्वान गरी सङ्कलन गरिएको रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको खातामा रकमान्तर गर्ने व्यवस्था मिलाइएको हो । तर सार्वजनिक रूपमा आह्वान नगरी साविककै बैंक खातामा रकम प्राप्त गरी उद्धार तथा राहतको कार्य गर्ने परोपकारी/सामाजिक संस्थाहरुको हकमा भने यस व्यवस्थाले वाधा पार्ने छैन ।

३. २०७२ साल वैशाख २१ गते सार्वजनिक विदा भए तापनि हालको अवस्थालाई ध्यानमा राखी विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना केही शाखाहरु खुला राखी सेवा प्रदान गर्ने व्यवस्था गरेको हुनाले सम्बन्धित ग्राहकहरूलाई यस्ता शाखाहरुबाट सेवा लिन अनुरोध छ । त्यसै गरी, प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको खाता रहेका बैंकका शाखाहरु उक्त सार्वजनिक विदाको दिनमा पनि खुला रहने व्यवस्था गरिएको व्यहोरा पनि सबैमा जानकारी गराइन्छ ।

२०७२ वैशाख २० गते